# 2021सालको अप्रिल इन्टेक भर्ना सम्बन्धि जानकारी

2020.7.30 मेइतो निहोंगो गाकुइन

2021 साल अप्रिल इन्टेकको विध्यार्थी भिसामा आवेदन खुलेको बारे जानकारी गराउदछौ । तलको 1～5 नम्बरसम्म हेर्नुहोस्।

1. मेइतो निहोंगो गाकुइनको 7 वटा राम्रो पक्षहरु !
2. 2021साल अप्रिल इन्टेकको विध्यार्थी भिसाको आवेदन दिने समय तालिका
3. 2021साल अप्रिल इन्टेकको विध्यार्थी भिसाको आवेदन बारे जानकारी वा निर्देशनहरु
4. स्टुडेन्ट होस्टलको जानकारी
5. एयरपोर्ट लिन जाने बारे

## मेइतो निहोंगो गाकुइनको ⑦ वटा राम्र पक्षहरु !

① पहिलो बर्सको स्कुल फी बाट10%(जम्मा ६० हजार एन ) छुट ।

② हाम्रो विध्यालयमा भिसा、एक वर्ष वा एक वर्ष तीन महिनाको (स्तरिय विध्यालय) हुन्छ।

④ तुरुन्त बस्न मिल्ने, सस्तो होस्टल छ।

⑤ विभिन्न भाषाहरू बोल्न सक्ने कर्मचारीहरुछन्।

※भेतनामी, हिन्दी,नेपाली, मोङ्गोलियन, चाइनिज, इङ्ग्लिश बोल्न सक्ने (फुल टाइम/ पार्ट टाइम ) कर्मचारी हरु छन् ।

⑥ विध्यार्थी बिमाको व्यवस्था गरेको छ।

⑦ टोक्यो जान ३० मिनेट मात्र लाग्छ।

⑧ पार्ट टाइम काम गर्न चाहानेलाई काम खोज्न सहयोग गर्छ।

# 2. 2021साल अप्रिल इन्टेकको विध्यार्थी भिसाको आवेदन दिने समय तालिका

**आवेदन फारम बुझाउने अवधि** (अगस्टको शुरुदेखि~)

1）「आवेदन फारम, बायोडाटा, स्टुडेन्ट भिसामा आउन चाहनुको कारण, स्पोन्सर पपेर」(हाम्रो स्कुलको फर्म्याटमा ) भरेर यस स्कुलको सम्बन्धित कर्मचारीलाई इमेल गर्नु गर्नुहोस् ।

**पहिलो पटकको छनोट** (अगस्टको शुरुदेखि~सेप्टेम्बरको अन्तिम सम्म)

2）स्कुलको कर्मचारीले डकुमेन्ट चेक गरि, स्काइपबाट अन्तर्वार्ता लिने छन्।

**दोस्रो पटकको छनोट** (सेप्टेम्बरको शुरुदेखि~अक्टोवरको अन्तिम सम्म)

3)「पहिलो पटकको छनोटमा पास भएको विध्यार्थी」ले आवश्येक पर्ने सबै डकुमेन्टहरु इमेल गर्नुहोस्। सच्याउनु पर्ने भए खबर गर्छौं, इमिग्रेसनमा पेश गर्न मिल्ने, नमिले भन्ने बारे निर्णय गरिनेछ। र दोस्रो पटकको छनोट गरिने छ। 「दोस्रो पटकको छनोटमा पास भएको विध्यार्थी」ले आवश्यक पर्ने सबै डकुमेन्टहरुको ओरिजिनल हाम्रो स्कुलमा पठाई दिनुहोस्।

**डकुमेन्ट इमिग्रेसनमा पेशगर्ने समय** (नोभेम्बरको अन्तिममा~)

4)हाम्रो स्कुलबाट जापानको इमिग्रेसनमा「योग्यता प्रमाणपत्रको आवेदन Certificate Of Eligibility (COE) को」लागि सबै डकुमेन्टहरु पेश गरिनेछ।

**इमिग्रेसनबाट COEको रिजल्ट हुने समय** (फेब्रुवरीको अन्तिममा )

5)इमिग्रेसनबाट「योग्यता प्रमाणपत्र (COE)) को」पास/फेलको रिजल्ट आएपछि, स्कुलबाट रिजल्ट बारे जानकारी गराउने छौं।

**पैसा तिर्ने** (फ्रेब्रुवरिको अन्तिम~मार्चको पहिलो हप्तासम्म)

6)COE आएको विध्यार्थीलाइ स्कुल फी र होस्टल फी (होस्टल बस्न चाहानेलाई मात्र) को बिल पठाउछौं। तोकिएको स्कुलको बैक खातामा पठाई दिनुहोस्।

**भिसा प्राप्त गर्ने र जापान आउने समय** (मार्चको अन्तिम~अप्रिलको पहिलो हप्ता)

7)स्कुल फी पैसा आइपुगन साथ स्टुडेन्ट(COE)र「एड्मिसन पेपर」、अरु पेपर ओरिजिनल पठाईदिन्छौ। त्यो बोकेर, जापानी दूतावास जानुस् र स्टुडेन्ट भिसा आवेदन दिनुहोस्।

- नतिजाबारे स्कुलमा खबर गर्नुहोस्।
- भिसा प्राप्त गरि प्लेनको टिकेट किनेपछि प्लेनको नाम, जापान आउने समय र एयरपोर्ट बारे सबै जानकारी स्कुललाई पठाइदिनुस्।
- जापानको एयरपोर्ट आइपुग्नु भए पछि जब एयरपोर्ट भित्र इमिग्रेसनमा आफ्नो डकुमेन्ट पेश गर्नु हुन्छ त्यतिबेला नबिर्सिकन [पार्ट टाइम कामको अनुमतिको लागि आवेदन] फारम दिनुहोस्, त्यस पछि जाइर्यु कार्ड पाएपछी त्यस कार्डको पछाडी २८ घण्टा कामको अनुमति छाप हानेको छ छैन राम्रोसंग चेक गर्नुस। छैन भने फेरी कार्ड फिर्ता गरि छाप हानिपाउ भनेर भन्नुहोस् ।

**भर्ना प्रक्रिया** (अप्रिलको पहिलो हप्ता)

8)जापान आउन साथ, तुरुन्त विध्यालय आउनुहोस। जापान आएको १४दिन भित्र पासपोर्ट र जाइर्यु कार्ड लगेर बस्ने ठाउको नगरपालिका वा वडा कार्यालय गएर, 「ठेगाना रेजिष्ट्रेसन」 र 「राष्ट्रिय स्वास्थ्य बीमा」 कार्ड बनाउनुस्।

## ३. 2021साल अप्रिल इन्टेकको विध्यार्थी भिसाको आवेदन बारे जानकारी वा निर्देशनहरु

■ आवेदन दिन पाउने योग्येता

1. आफ्नो देशमा +२ सम्म पास गरेको वा सो सरह पास गरेको हुनु पर्ने।
2. विशेष गरि जापानिज भाषा १५० घण्टा भन्दा बढी पढेको हुनु पर्ने ( जापानी भाषा प्रवीणता टेस्ट एन N5बराबर)
3. इमिग्रेसनमा पेश गर्न आवश्यक पर्ने सबै डकुमेन्ट बुझाउन सक्ने मान्छे (स्पोन्सर गर्ने क्षमता भएको हुनुपर्ने)

■विध्यार्थी संख्या र आवेदन दिने अवधी

| पाठ्यक्रमको नाम | विध्यार्थी संख्या | आवेदन दिने अवधी | इमिग्रेसनबाट रिजल्ट हुने समय | भर्ना हुने समय |
|---|---|---|---|---|
| सिङ्गाक्को २ वर्ष कोर्स | 60जना | 2020साल अगस्टको पहिलो हप्ता～अक्टोवरको अन्तिम हप्ता | 2021सालको फ्रेब्रुवरि अन्तिममा | 2021सालको अप्रिलमा |

※अन्य थप जानकारीको लागि स्कुलमा सम्पर्क गर्नुहोला।

■तिर्नु पर्ने पैसा (स्कुल फी)　　＊ जापानी येनमा (JPY) हो।

| | सिङ्गाक्को २ वर्ष कोर्स | | |
|---|---|---|---|
| | पहिलो वर्षको शुल्क | अर्को वर्षको (दोस्रो वर्षको) शुल्क | कैफियत |
| आवेदन शुल्क | ￥10, 000 | — | |
| भर्ना शुल्क | ￥50,000 | — | |
| कक्षा शुल्क | ~~￥600,000~~ (10%छुट) → ￥540,000 | ￥600,000/− | |
| अन्य शुल्क | ￥90,000/− | ￥90,000/− | नोट: सुविधाहरु र उपकरण लागत: ￥20,000/−१वर्षको<br>शिक्षण सामग्री र बाहिरका गतिविधिहरू: ￥60,000/−१वर्षको<br>दुर्घटना बीमा र स्वास्थ्य सेवा लागत: ￥10,000/−१वर्षको |
| जम्मा | ~~￥750,000~~→￥690,000 | ¥690,000 | |

※2021सालोको विशेष छुट : पहिलो बर्सको स्कुल फी 10%छुट गरिएको छ ।

पहिलो वर्ष तिर्नुपर्ने रकम जम्मा : ￥690,000/-

1. एकपटक तिरेको रकम नियम अनुसार फिर्ता हुने छैन।
2. यदि , जापानी दुतावासबाट भिसा प्राप्त नभएको अवस्थाम आवेदन शुल्क बाहेक अरु रकम फिर्ता गरिनेछ।
3. बिध्यार्थीको आफ्नै अति जरुरि परिस्थितिको कारण भर्ना रद्ध गर्नुपरेमा, तलको आधारमा रकम फिर्ता गरिनेछ।

1)**जापान आउनु भन्दा पहिला:** जापनिज दुतावासबाट भिसा प्राप्त गरिसकेको हो भने, भिसा रद्ध गर्ने र रद्ध गरेको छाप हानेको पासपोर्टको फोटोकपी यहाँ स्कुलमा पठाउनुस । भिसा प्राप्त गरिसकेको छैन भने,COEको ओर्जिनल यहाँ स्कुलमा फिर्ता गर्नुहोस। त्यसपछि, आवेदन शुल्क र भर्ना शुल्क बाहेक अरु रकम फिर्तागर्ने प्रक्रिया अगाडी बढाउनेछौ।

2)**जापान आइसके पछि:** विध्यालयको इन्ट्रान्स सेरोमनी हुनु भन्दा अगाडि नै भर्ना क्यान्सील गरेको खण्डमा, जाइर्यु कार्ड क्यान्सील गरेको प्रमाणित गर्नुपर्नेहुन्छ। प्रमाणित भएपछि मात्र आवेदन शुल्क र भर्ना शुल्क बाहेक अरु रकम फिर्ता गर्ने प्रक्रिया अगाडी बढाउने छौ। विध्यालयको इन्ट्रान्स सेरोमनी पछि भर्ना क्यान्सील गर्यो भने, नियम अनुसार स्कुल छोडेको रुपममा लिनेछ, कुनैपनि शुल्क फिर्ता गरिनेछैन।

※ माथिको, भर्ना रद्ध गरेको अथवा स्कुल छोडेको अवस्थामा, अनिवार्य त्यसको कारण पेश गर्नुहोस।

※ रकम विनिमय दरमा निर्भर गर्दछ।

■छात्रवृत्ती प्रणाली

अध्ययनको क्रममा हुने गतिविधि, पढाईको स्तर बृद्धि र हाजिरको आधारमा छात्रवृत्ती पनि प्रदान गरिनेछ।

## ■आवेदनका लागि आवश्यक कागजातहरू

### A. विध्यार्थी आफैले तयार गर्नु पर्ने कागजातहरु

1. आवेदन फारम, बायोडाटा, विध्यार्थी भिसामा आउन चाहानुको कारण, पुष्टिकरण पत्र (हाम्रो स्कुलको फर्म्याटमा)
2. फोटो 6 प्रति (लम्बाई ४ सेमी x चौडाई ३ सेमी) (तीन महिना भित्र खिचेको हुनु पर्ने )
3. अन्तिममा पास गरेको शिक्षाको क्यारेक्टर सर्टिफिकेट (ओरिजिनल)
4. अन्तिममा पास गरेको शिक्षाको मार्कसिट (ओरिजिनल)
5. जापानी भाषा पास गरेको प्रमाणपत्र वा जापानी भाषा पढेको पेपर (ओरिजिनल)
6. काम गरेको अनुभव भएको व्यक्ति हो भने काम गरेको भन्ने पेपर (ओरिजिनल)
7. पासपोर्टको फोटोकपि ※पासपोर्ट नभएको व्यक्तिले नागरिता पेश गर्नुहोस्।

### B. विध्यार्थीको स्पोन्सरले तयार गर्नु पर्ने कागजातहरु

**※स्पोन्सर बन्न, आफ्नो परिवारको (आमा, बुवा दाजुभाई/दिदीबहिनी), जापानमा भएका आफन्तहरु, बिध्यार्थी आँफै र एक भन्दा बढी पनि बस्न पाइनछ।**

1. स्पोन्सर पेपर (हाम्रो स्कुलको फर्म्याटमा लेख्नुपर्नेहुन्छ )
2. नाताप्रमाणित, जन्मदर्ता, परिवार रजिस्टर पेपर (ओरिजिनल)
3. नागरिताको (फोटोकपि)
4. ब्यालेन्स सर्टिफिकेट (ओरिजिनल)
5. बैंक स्टेटमेन्टको (फोटोकपी)
6. जागिरको प्रमाणपत्र (ओरिजिनल) वा व्यापार व्यवसायको प्रमाणपत्र (फोटोकपि)
7. वार्षिक आम्दानीको प्रमाणपत्र (ओरिजिनल) ･･･तीन वर्ष सम्मको
8. कर तिरेको प्रमाणपत्र (ओरिजिनल) ･･･तीन वर्ष सम्मको *मंगोलियाको लागि , सामाजिक बीमा कार्डको प्रतिलिपि भए पनि हुन्छ
9. स्पोन्सरको पारिवारिक विवरण(हाम्रो स्कुलको फर्म्याटमा लेख्नु पर्नेछ)

## ■कागजातहरू बनाउदा ध्यान दिनुपर्ने कुरा

1)आवेदन फारम र बायोडाटा、एप्लिकेसन फारम र बायोडाटा अंग्रेजीमा भर्नुहोस्। चाइनिजमा पनि भर्न सक्नु हुन्छ। त्यसबाहेकको भाषामा भरेको खण्डमा इंगलिसको ट्रान्सलेट पनि संगै बुझाउनुपर्ने छ।

2)आवेदन फारम र बायोडाटा बाहेक अरु सबै कागजातहरुको जापानी ट्रान्सलेट अनिवार्य बुझाउनु पर्ने छ।

* पासपोर्टको जापानिज ट्रान्सलेट आवश्यक छैन। बैंक स्टेटमेन्ट･चेकबुकको बिषयबस्तु मात्र ट्रान्सलेट गरे हुन्छ, अरु आवश्यक छैन।

3) इमिग्रेसनको नियममा,पेश गर्ने सबै डकुमेन्टहरु ३ महिना भित्र बनेको हुनु पर्नेछ। (2020 सेप्टेम्बर १ गते पछि बनेको हुनुपर्ने छ।)

## ■आवेदन विधि ※P.2「आवेदन फारम बुझाउने अवधि」हेर्नुहोस् ।

1)हाम्रो स्कुलमा पठाईदिनुस् अथवा हाम्रो मध्यस्थ कन्सलटेन्सि (मध्यस्थकर्ता) बाट ,फोन अथवा इमेल बाट सम्पर्क गर्नुहोस।

2)「अप्लिकेसन फारम, बायोडाटा, स्टुडेन्ट भिसामा आउन चाहनुको कारण, स्पोन्सर पपेर」(हाम्रो स्कुलको फर्म्याटमा)(Excel मा)भरेर पठाउनुस्।

**MATE JAPANESE INSTITUTE**
**〒271-0051 Mabashi 2857,Matsudo-City,Chiba,JAPAN**
**Tel:047-312-1150 Fax:047-312-1160**
**e-mail: info@mateji.com**

# 4. छात्रावास

जापना आउन साथ बस्न मिल्ने होस्टल छ। आएको स्टुडेन्टलाइ होस्टलको अप्लाई फारम पनिसंगै पठाई दिन्छौ। होस्टल बस्न चाहानेले त्यो फारम भरेर इमेल बाट हाम्रो स्कुलको अफिसमा पठाई दिनुहोस्। होस्टल खालि छ छैन भन्ने हेरेर खालि छ भने बिल पठाउँ छौ। पहिलो पटक तिर्नु पर्ने होस्टलको रकम पनि पहिलो वर्षको स्कुलफिसंगै पठाई दिनुहोस्।

◆होस्टलको लाग्ने खर्च बिवरण

| विषय | रकम | तिर्नु पर्ने समय | कैफियत |
|---|---|---|---|
| **होस्टल इन्ट्री फी** | ¥35,000 | पहिलो वर्षको स्कुल फी तिर्ने बेला तिर्ने | होस्टलको सुरुमा तिर्नु पर्ने पैसा 113,000 एन हो।<br>पहिलो वर्षको स्कुल फी तिर्ने बेला संगै तिर्नुहोस्।<br>【ब्रेकडाउन】<br>● होस्टल इन्ट्री फी :35,000 एन<br>● तिन महिनाको होस्टलको भाडा :60,000 円 एन<br>● बत्ती,पानी,ग्यास र ढलको तिन महिनाको पैसा :18,000एन<br>※ होस्टलमा ओड्ने ओछ्याउने एकजोर, घरमा प्रयोग गरिने बिधुतिय सामग्री र खाना पकाउने भाडा लगायत तयार गरिएको छ। आउन साथ् दैनिक जीवन सुरुवात गर्न सक्नु हुनेछ। |
| **होस्टल फी／एक महिनाको** | ¥20,000 | महिनाको अन्त्यमा | |
| **बत्ती,पानी,ग्यास र ढलको पैसा／एक महिनाको** | ¥6,000 | महिनाको अन्त्यमा | |

# 5. एयरपोर्ट लिन जाने बारे

तोकिएको दिनमा, तोकिएको समय भित्र नारिता एरपोर्टमा आइपुग्नेको लागि स-शुल्क (नारिता ऐर्पोर्ट देखि माबासी एकिसम्म) लिन जाने व्यवस्था छ। एरपोर्टमा लिन आउन चहानेले, जापान आउनु एक हप्ता अगाढी स्कुलमा खबर गर्नुपर्ने हुन्छ।

※COE आएपछी, एयरपोर्ट लिन जाने समय तोकिएर खबर गर्नेछौ।

**◆एयरपोर्ट पिक अप शुल्क लाग्छ: 5000 एन / 1जना।**

※एयरपोर्टबाट आउदा लाग्ने बस वा ट्रेन भाडा आफैले व्यहोर्ने पर्नेहुन्छ ।

※एयरपोर्ट पिक अप शुल्क बिध्यालय आएपछि तिर्नुहोस्।